**सिन्धुपाल्चोक लिसंखुपाखर गा.पा.-५ मा आगलागी, मानविय क्षति नभएको, ४ वटा चौपाया मरेको**

मिति २०७४।०४।२७ गते बिहान अन्दाजि ०९:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक लिसंखुपाखर गापा-५ बस्ने जित बहादुर श्रेष्ठको काठपातले बनेको जस्ताको छाना भएको एक तल्ले भान्छाघरमा अचानक आगलागी हुन जाँदा उक्त भान्छाघरमा रहेको एउटा खसी र तीन वटा बाख्रा जलि मृत्यु भएको, उक्त घरमा रहेको दुईवटा एलपीजी ग्याँस र अन्नपात, भाडावर्तन समेत जलि पूर्णरुपमा नष्ट भएको र मानविय क्षति नभएको र अन्दाजि रु. १,२०,००० (एक लाख विस हजार) बराबरको क्षति भएको । उक्त स्थानमा प्रहरी चौकी मुडेबाट प्र.स.नि. को कमाण्डमा टोली खटी गएको उक्त स्थान प्र.चौ. मुडेबाट अन्दाजि ९ कि.मि. पश्चिम पर्ने व्यवहोरा यस जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गराइन्छ ।

स्रोत: जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोक